प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# गण्डकी प्रदेश प्रदेश कार्यालय

पोखरा, कास्की

पत्र संख्या:
चलानी नं:

## बाह्य प्रयोगात्मक परीक्षाको मूल्याङ्कनका लागि विषय विज्ञहरूको रोष्टर अध्यावधिक गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति:२०८३।०३।११

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरद्वारा शैक्षिक सत्र २०८३/०८४ मा संचालन हुने डिप्लोमा/प्रमाणपत्र तह तथा प्रि-डिप्लोमा तहका बिभिन्न कार्यक्रमहरूको बाह्य प्रयोगात्मक परीक्षाको मूल्याङ्कन कार्यका लागि **परीक्षा सम्बन्धी विनियमावली २०८३ को परिच्छेद-३ को विनियम (९) को उपविनियम (११) बमोजिम** विषय बिज्ञहरूको आवश्यकता पर्ने हुनले यस परिषद् अन्तर्गतका आङ्गिक, साझेदारी, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) तथा निजी शिक्षण संस्थाहरूमा सम्बन्धीत विषयको शिक्षण/ प्रशिक्षणमा अनुभव भएका विषय बिज्ञहरूले यस कार्यालयको वेबसाइट www.ctevtgandaki.org.np मा उपलब्ध निर्धारित ढांचाको निवेदन फाराम भरी, आवश्यक कागजातहरू (स्वयंले प्रमाणित गरेको प्रतिलिपि) संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र परिषद् गण्डकी प्रदेश कार्यालयमा उपस्थित भई निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ ।

आवश्यक कागजातहरू
१.नागरिकताको प्रमाणित प्रतिलिपि
२.शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
३.शिक्षण/प्रशिक्षणमा कार्य अनुभव (CTEVT) अन्तर्गतका शिक्षण संस्थाको मात्र
४.पेशागत दर्ता (Council Registration) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

निर्देशक

मालेपाटन-०५, पोखरा, कास्की फोन: ०६१-५८२२७१, ०६१-५८२२७३, ०६१-५८२२८३ Email:ctevtgandaki@gmail.com,
Website: www.ctevtgandaki.org.np

श्रीमान निर्देशक ज्यू,
प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
गण्डकी प्रदेश, प्रदेश कार्यालय
पोखरा, कास्की

मिति : २०८३।

बिषय: बाह्य प्रयोगात्मक परीक्षाको मूल्याङ्कनका लागि विषय बिज्ञको रोष्टरमा नाम अध्यावधिक गरिपाऊ बारे ।

महोदय,

उपर्यूक्त बिषयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरद्धारा संचालन हुने डिप्लोमा/प्रमाणपत्र तह तथा प्रि-डिप्लोमा तहका बिभिन्न बिभिन्न कार्यक्रमहरूको बाह्य प्रयोगात्मक परीक्षाको मूल्याङ्कन कार्यमा संलग्न हुन म इच्छुक रहेको हुंदा परिषद्को परीक्षा सम्बन्धी विनियमावली २०८३ को परिच्छेद-३ को विनियम (९) को उपविनियम (११) बमोजिम र अन्य प्रचलित कानुन बमोजिम मूल्याङ्कन कार्यको गोपनियता पुर्णरूपमा सुरक्षित गर्दै सोको मर्यादामा कुनै किसिमको आंच नआउने गरी कार्य गर्ने प्रतिबद्धता सहित कबुलियतनामा सहित देहाय बमोजिमका आवश्यक कागजातहरू संलग्न राखि बिषय बिज्ञको रोष्टरमा नाम अध्यावधिक गरिदिनुहुन यो निबेदन पेश गरेको छु ।

संलग्न कागजातहरू
१.नागरिकताको प्रमाणित प्रतिलिपि
२.शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
३.शिक्षण/प्रशिक्षणमा कार्य अनुभव (CTEVT) अन्तर्गतका शिक्षण संस्थाको मात्र
४.पेशागत दर्ता (Council Registration) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि उपर्यूक्त बिषयमा यस
५. अन्य ..........................

| विषय बिज्ञको शैक्षिक योग्यता | प्रयोगात्मक परीक्षाको मूल्याङ्कन गर्न चाहेका विवरण | |
|---|---|---|
| | कार्यक्रम | बिषय |
| | | |
| | | |
| | | |
| | | |

निबेदक
नाम थर :
स्थायी ठेगाना :
मोबाईल नंम्बर :
कार्यरत शिक्षण संस्था :
बैंकको नाम र खाता नं :
स्थायी लेखा नं.
दस्तखत :